# आधारभूत तह परीक्षा २०८२

कोड नं XXIV

कक्षा: ८ | पूर्णाङ्क: ५०
विषय: नेपाली | समय: २ घण्टा

**विद्यार्थीले उत्तर दिंदा सिर्जनात्मक र मौलिक उत्तर दिनुपर्नेछ।**

**१. दिइएका अर्थसँग मिल्ने शब्द लेखी खाली ठाउँमा भर्नुहोस् :** (२)

शीघ्रातिशीघ्र, अँगेनो, राहदानी, शाश्वत, पथप्रदर्शक

क) आगो बालिने ठाउँ ............................ ।

ख) जतिसक्दो चाँडो ......................... ।

ग) पासपोर्ट ............................ ।

घ) कहिले पनि नाश नहुने ................................ ।

**२. खाली ठाउँमा मिल्दो शब्द राखी वाक्य पूरा गर्नुहोस् :** (२)

क) 'नयन' को पर्यायवाची शब्द ........... हो। (कर्ण, चक्षु, हस्त)

ख) 'आस्तिक' को विपरीतार्थी शब्द ............... हो। (धार्मिक, सनातन, नास्तिक)

ग) 'कर' शब्दको अर्थ .............. होइन। (पराजय, जिद्दी राजस्व)

घ) 'अन्न' को समावेश्य शब्द ........... हो। (मसुरो, केराउ, मकै)

**३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :** (२)

अचानोको पिर खुकुरीले जान्दैन, टुलुटुलु

**४. शुद्ध शब्द छानेर लेख्नुहोस्।** (१)

अ) अनुसासन अनुशासन अनुसाशन अनुसाषन

आ) पञ्चामृत पन्चामृत पंचामृत पण्चामृत

**५. दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :** (२)

भन्नुस् न त कति दिनुपऱ्यो मैले ? भक्तले मुर्तिलाई ढोगेर त्यही खटिया माथि राख्दै भावुक नयनले हेरिरहे र फेरी सोधे।

**६. रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् :** (२)

<u>आहा</u> ! <u>भाउजू</u>ले कति <u>मिठो</u> खाना <u>बनाउनभयो</u>।

**७. दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् :** (२)

क) हजुरबुवा मलाई कथा........................ । (सुनाउ : सामान्य वर्तमान)

ख) हरि भलिबल ...................... । (खेल, अपूर्ण भूत)

ग) भोलि पानी ........................ । (पर, सम्भावनार्थ)

घ) म असल नागरिक बन्न .............. । (सक, इच्छार्थ)

**८. दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** (३)

क) हामीले घरको काम गरेका थियौं। (तृतीय पुरुष)

ख) सुमित्रा विद्यालय कहिल्यै आउँदिनन्। (करण)

ग) म मिहिनेती बन्छु र सफल हुन्छु। (सरल वाक्य)

९. **दिइएको अनुच्छेद पढी उत्तर लेख्नुहोस् :** (३)

माछापुच्छ्रेले बादलको घुम्टो उघार्ने घाम हो यति बेला । खुलेको हिमाल र फेवातालको मनमोहक दृश्य हेर्ने पाउँदा नेपाली भएकामा भाग्यमानी ठान्दछु । पोखरामा हरेक वर्ष ससाना समूहमा, ठूलठूला समूहमा आआफ्ना व्यस्तताबाट आत्मीय साथीहरुका बिच भेट हुँदा म प्रफुल्ल भएको छु ।

**प्रश्नहरु :**

क) अनुच्छेदबाट एक एक ओटा उपसर्ग र प्रत्यय लागेर बनेका शब्द पहिचान गरी लेख्नुहोस् ।

ख) अनुच्छेदबाट एउटा द्वित्व र एउटा समस्त शब्द पहिचान गरी लेख्नुहोस् ।

ग) अनुच्छेदमा रेखाङ्कित शब्दको कारक र विभक्ति पहिचान गरी तिनको नाम लेख्नुहोस् ।

१०. **दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** (४)

मानिस दुर्घटना, चोटपटक वा जन्मदै अपाङ्ग बन्न सक्छन् । कतिपय शिशु जन्मदै अपाङ्ग जन्मन्छन् । कोही जन्मिसकेपछि अपाङ्ग बन्दछन् । जे भए पनि उनीहरु हाम्रै बन्धुबान्धव हुन् । उनीहरुको पनि हाम्रो जस्तै इच्छा आकाङ्क्षा र चाहना हुन्छ । अतः उनीहरुलाई छि : छि र दुरदुर गर्ने होइन सम्मानित र मर्यादित जीवन बाँच्ने अवसर दिनुपर्छ । अपाङ्ग हुने वित्तिकै उसका सोचाइ, कल्पनाशीलता र कार्यक्षमता पनि अपाङ्ग हुन्छ भनेर सोच्नु मूर्खता हो । अवसर पाएमा उनीहरु पनि उल्लेखनीय काम गरेर समाजमा प्रसिद्ध हुन सक्छन् । अत : उनीहरुलाई सामाजिकीकरण गरेर समाजको अङ्गको रुपमा स्वीकार गर्नुपर्छ । समाजका हरेक क्रियाकलापमा सहभागी गराई देश विकासमा समान रुपले सहभागी हुने अवसरको सिर्जना गर्दै देश विकासको मूल प्रवाहमा ल्याउनुपर्दछ ।

प्रश्नहरु :

क) मानिसहरु के कारणले अपाङ्ग बन्दछन् ?

ख) अपाङ्ग भएका व्यक्तिप्रति हामीले कस्तो व्यवहार गर्नुपर्दछ ?

ग) के सोच्नु मूर्खता हो ?

घ) अपाङ्गता भएका व्यक्तिलाई विकासको मूल प्रवाहमा कसरी ल्याउन सकिन्छ ?

११. **दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् :** (४)

शाहवंशीय राजा पृथ्वी नारायण शाहले काठमाडौं उपत्यकाका राज्य एकीकरण गरे पछि पनि नेपालबाट तिब्बत तथा भारतबीचको अन्तर्राष्ट्रिय व्यापारले निरन्तरता पाएको थियो । बहादुर शाहका शासनकालमा तिब्बतसँग युद्ध भएपछि नेपाल र तिब्बतबीच खटपट भयो । यस बखत नेपाल सम्पूर्ण रुपमा एकीकरणमा केन्द्रित भएका कारण खाद्यान्न, भाँडाकुँडा, हस्तकला, मूर्तिकला, कपडा जस्ता वस्तुको उत्पादन कम हुन थाल्यो । फलस्वरुप नेपालले पर्याप्त मात्रामा सामान निर्यात गर्न सकेन । राणा प्रधानमन्त्री जंगबहादुर राणाको शासनकालमा पुनः नेपाल र तिब्बतबीच युद्ध भयो । राणाकालीन समयमा मुलुकमा उद्योगधन्दा निर्वाहमुखी ढङ्गमा सञ्चालित भए । यस समयमा इँटा उद्योग, काष्ठ उद्योग र धातुका उद्योगले अन्य उद्योगका तुलनामा फस्टाउने अवसर पाए ।

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (३)

क) दिइएका बुँदाका आधारमा जीवनी तयार पारी शीर्षकसमेत दिनुहोस् :

नाम : सिद्धिचरण श्रेष्ठ

जन्म मिति : वि.सं. १९६९ ओखलढुङ्गा

मातापिता : निरकुमारी श्रेष्ठ, विष्णुचरण श्रेष्ठ

शिक्षा : कक्षा आठसम्मको औपचारिक अध्ययन, पूर्वीय शास्त्रको गहन अध्ययन

साहित्य यात्रा : वि.सं. १९९० मा गोरखापत्रमा भुइँचालो शीर्षकको कविता प्रकाशन गरी साहित्य यात्राको सुरुवात गरेका

कृति : उर्वशी, ज्यानमारा शैल, मङ्गलमान, आँसु (खण्डकाव्य), कोपिला, मेरो प्रतिबिम्ब, सिद्धिचरणका प्रतिनिधि कविता, बाँचिरहेको आवाज, तिरमिर तारा (कविता संग्रह)

सम्मान र पुरस्कार : भूकम्प पीडितको उद्धार तक्मा १९९०, त्रिभुवन पुरस्कार २०२७, रत्नश्री स्वर्णपदक २०३१, पृथ्वी प्रज्ञा पुरस्कार २०४५ आदि

मृत्यु : वि.सं. २०४९ जेठ २२ गते

ख) 'शिक्षाको महत्व' शीर्षकमा दुईजना साथीबीच हुने संवादको नमुना तयार पार्नुहोस् ।

**१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** (३)

क) शैक्षिक भ्रमणको व्यवस्था मिलाइ दिन अनुरोध गर्दै विद्यालयका प्रधानाध्यापकलाई लेखिने निवेदनको नमुना तयार पार्नुहोस् ।

ख) जिल्लास्तरीय कविता प्रतियोगितामा प्रथम हुन सफल तपाईंको विद्यालयकी छात्रालाई विद्यालयको तर्फबाट दिइने बधाई पत्रको नमुना तयार पार्नुहोस् ।

**१४. कुनै एकको भाव विस्तार गर्नुहोस् :** (३)

क) हामीले आफ्नो कर्तव्य बिर्से इतिहासले धिक्कार्ला ।
गोली मिलेका सहिदको प्यारो लासले धिक्कार्ला ॥

ख) लक्ष्य पुरा गर्ने सङ्कल्प बोकेको व्यक्ति कुनै हालतमा पछि हट्दैन ।

**१५. दिइएको कथांश पढी सोधिएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :** (४)

भाजुलाल जुरुक्क उठे । आफूसित रहेको साढे पाँच रुपियाँ कन्तुरबाट झिके । नपुग रुपियाँ स्वास्नी र बुहारीसित मागे अनि १० रुपियाँ भक्तको अगाडि सरक्क राखिदिए । रिसको रन्कामा रुपियाँ सोहोरेर भक्त केही नबोली जुरुक्क उठेर गए । बुढाको यस्तो चाल देखेर बुढीले भनिन्, "बनिसकेको मूर्ति नदिएर बैनासमेत फिर्ता गर्नुभयो । दिएको भए अरु रुपियाँ पनि आउँथ्यो । के खर्च गर्ने अब ? घरमा चामलको गेडो छैन ।" भाजुलालले क्षीण स्वरमा त्यो मूर्ति नदिनका कारण बताए, "मैले शङ्खमूलको चितामा खरानी पारिसकेको छोरो फेरि यहाँ आएको छ ।" जुजुलालको मानव देह चिताको खरानी भएर नाश भए पनि सङ्गमरमरको आकर्षक मूर्तिका रुपमा कृष्णावतार छोरो त कालान्तरसम्म संसारमा रहिरहला । अब मूर्ति भाजुलालको अमर पुत्र हुनेछ ।

**प्रश्नहरु**

क) भाजुलालले ग्राहकलाई बैना फिर्ता किन गरे ?

ख) कलाकारको अवस्थालाई कथामा कुन रुपमा प्रस्तुत गरिएको छ ?

ग) भक्तले बैना फिर्ता लिएर रिसाउँदै हिंड्नु उपयुक्त हो ? तर्क दिनुहोस् ।

घ) भाजुलालको मूर्ति कसरी अमरपुत्र हुनेछ ?

**१६) कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** **(५)**

क) दिइएको कविताांश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् :

श्रम पसिना र विकासको सङ्गीत लेखौं
अब खनौं आफ्नै बाटो कोदाली भएर
अब जोडौं हजार सपनाहरु पुल भएर
फर्क युवा हो फर्क
यो देशको इतिहास हामी आफैंले लेख्नुपर्छ ।

**प्रश्नः** अ) 'फर्क आफ्नै देश' कवितामा नेपाली युवालाई किन स्वदेश फर्किन आह्वान गरिएको छ, चर्चा गर्नुहोस् ।

ख) दिइएको जीवनीको अंश पढी समीक्षात्मक उत्तर लेख्नुहोस् :

प्रपन्नाचार्य बहुभाषी, सिर्जनशील, विनम्र, सन्त एवंम् प्रकाण्ड विद्वान थिए । उनी मानवतावादी चिन्तनको आदर्श धरोहर थिए । उनमा नेपाली, राई, संस्कृत, हिन्दी, अङ्ग्रेजी आदि भाषा प्रयोग गर्ने क्षमता थियो । संस्कृत वाङ्मयभित्रको अथाह ज्ञानलाई व्यावहारिक रुपमा आत्मसात गर्न सक्ने साधना थियो । आजीवन वेद, वेदान्त, साहित्य, इतिहासलगायत विषयमा केन्द्रित भई अध्ययन अनुसन्धान गर्न सक्ने सामर्थ्य उनमा थियो ।

**प्रश्नः**

अ) स्वामी प्रपन्नाचार्यले संस्कृत वाङ्मयका क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गर्नुहोस् ।

**१७) कुनै एक शीर्षकमा १२५ शब्द नघटाई निबन्ध लेख्नुहोस् :** **(५)**

क) मेरो विद्यार्थी जीवन

ख) अनुशासनको महत्व

ग) प्रविधियुक्त शिक्षा आजको आवश्यकता

**समाप्त**